सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिच्चौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.: ४८२

मिति:२०७८/०५/२५

**विषयः-वक्तृत्वकला प्रतियोगिता सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु,
सुनिलस्मृति गाउँपालिका, रोल्पा ।

प्रस्तुत विषयमा"**सामान्य अवस्था वा कोभिड महामारी : बालअधिकारको संरक्षण हामी सबैको जिम्मेवारी**" भन्ने मूल नाराका साथ २०७८ भाद्र २९ गते राष्ट्र्व्यापी रुपमा राष्ट्रिय बालदिवस मनाउन गइरहेको सन्दर्भमा सुनिलस्मृति गाउँपालिकाले उक्त दिवसको अवसरमा माध्यमिक तथा आधारभूत विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न गइरहेकोले तपसिलमा रहेका नियमहरु भित्र रही तहाँ विद्यालयबाट एक जना शिक्षक सहित प्रतियोगी विद्यार्थीलाई सहभागी गराउनुहुनका साथै प्रतियोगितामा भागलिने विद्यार्थीको नाम, कक्षा र सम्पर्क नं मिति २०७८ भाद्र २८ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा उपलव्ध गराउनुहुन अनुरोध छ ।

**तपशिल**

शिर्षक:**"कोभिड-१९ को महामारीमा वैकल्पिक शिक्षाको प्रभावकारीता।"**

मिति:२०७८ भाद्र २९ गते मंगलवार
समय:बिहान ११ बजे
स्थान:गाउँपालिकाको सभाहल

**प्रतियोगिताको नियमहरुः**

१. प्रतियोगितामा सहभागी विद्यार्थी कक्षा ६-१२ मा अध्ययनरत हुनुपर्ने ।
२. एउटा विद्यालयबाट आधारभूत र माध्यमिक तहका १/१ जना गरी जम्मा २ जनाले मात्र प्रतिस्पर्धामा सहभागी हुनपाउने ।
३. प्रतियोगीले सामाजिक, राजनैतिक, धार्मिक, साँस्कृतिक तथा व्यक्तिगत रुपमा आक्षेप लगाउने किसिमका अभिव्यक्ति राख्न नपाउने ।
४. प्रतियोगितामा विजयी आधारभूत र माध्यामिक दुवै तहमा प्रथम, द्बितिय, तृतिय र सान्त्वना स्थान हासिल गर्ने प्रतियोगीहरुलाई क्रमशः रु ५,०००।, रु ४,०००।, रु ३,०००। र रु १,५००। साथै प्रमाण पत्र प्रदान गरिनेछ ।

**सम्पर्क नं: ९८४७९६२३२८, ९८६३१२६५२३, ९८४३७७२९८४**

२०७८/०५/२५

साबित्रा कुमारी थापा
नि. प्रमुख प्रशासकीय अधिकृत